रामप्रसादराई गाउँपालिका गाउँ सभाको १०औ अधिवेशनमा गाउँपालिका अध्यक्ष श्री थामबहादुर राई द्वारा प्रस्तुत आर्थिक वर्ष २०७९/०८० को

# वार्षिक नीति तथा कार्यक्रम

२०७९ साल आषाढ १० गते शुक्रवार

रामप्रसादराई गाउँपालिका
बैकुण्ठे भोजपुर
प्रदेश नं. १, नेपाल।

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
१ नं. प्रदेश, नेपाल

# रामप्रसादराई गाउँपालिका गाउँ सभाको १०औ अधिवेशनमा गाउँपालिका अध्यक्ष श्री थामबहादुर राई द्वारा प्रस्तुत

## आ.व. २०७९।०८० को

## नीति तथा कार्यक्रम

यस रामप्रसादराई गाउँपालिकाको गाउँसभा बैठकको १०औ अधिवेशनको गरिमामय सदनमा अतिथिको आशन ग्रहण गरिरहनुभएका गाउँपालिकाको उपाध्यक्ष ज्यू, बैठकको सचिब प्रमुख प्रशासकीय अधिकृत ज्यू, विभिन्न समितिका संयोजक तथा गाँउ सभा सदस्य ज्यूहरु साथै सम्पुर्ण कर्मचारी ज्यूहरु।

लामो संघर्ष पछि नेपाली जनताको त्याग तपश्या र वलिदान द्वारा संघीयता सहितको समावेशी जनप्रतिनिधि मूलक राज्य प्रणाली स्थापना भएको छ। देशमा तीनै तहको निर्वाचनबाट संघीय लोकतान्त्रिक शासन प्रणाली संस्थागत भएको छ। यो मौलिक स्वारुपको राजनैतिक उपलब्धी सँगै स्थानीय तहको दोस्रो निर्वाचन बाट जनताको भरपर्दो साथ र विश्वास पाएको वर्तमान अवस्थामा राज्यको सम्पूर्ण स्रोत र सामर्थ्यको सदुपयोग गरी यस रामप्रसादराई गाउँपालिकाको विकास र सम्बृद्धिको यात्रामा अविचलित रुपमा अघी बढ्न ठूलो प्रेरणा मिलेको छ।

विगत देखी वर्तमानमा आईपुग्दा गाउँपालिका यातायातको संजाल सँग जोडिदै जानु, स्थानीय स्तरमा जनशक्ति उत्पादनको अवसर हुनु, ऐतिहासिक स्थल, प्राकृतिक श्रोत तथा जडिवुटीको उपलव्धता हुनु, विविध हावा पानी र विविधताले पुर्ण हुनु यस गाउँपालिकाको सवल पक्ष हुन्। यसका अलवा न्यून आन्तरिक आय, सीमित श्रोत साधन, दक्ष जनशक्तिको अभाव हुनु यस गाउँपालिकाका दुर्बल पक्ष रही आएका छन्।

तथापि पनि वडा कार्यालयवाट प्रास अधिकार वमोजिमका कार्य संचालन हुँदै जानु, सबै वडा कार्यालयहरु यातायातको संजालमा आउँनु, ऐतिहासिक तथा पर्यटकीय स्थल, दृश्यावलोकन स्थल यस गाउँपालिकाका अवसर रहि आएका छन्।

पहाडी जिल्लामा भएको यस गाउँपालिकाको विकासमा कठिनाई, युवाशक्ति विदेश पलायन हुनु, न्यून श्रोत साधनका कारण गाउँपालिकावासीहरुको आकांक्षा अनुसार विकासका कार्यक्रमहरु अगाडी वढाउन नसक्नु, विषयगत कार्यालयसँग पूर्णरुपमा कार्यक्रमहरु गाउँपालिकाभित्र आउन नसक्नु मुख्य चुनौतीहरु रहेका छन्।

यी चुनौतीहरुका वावजुद पनि गाउँपालिकाका आठ वटै वडा क्रियाशिल हुनु, गाउँपालिकामा कार्य संचालनका लागि केही शाखाहरू संचालन हुनु र विषयगत शाखा स्थापना हुनु, विषयगत समिति गठन भई कार्यसम्पादनमा लाग्नु जस्ता कार्यबाट यस गाउँपालिकाले सम्पादन गर्ने सेवा सुचारु गर्न केही सहज भएको छ।

थाम बहादुर राई
अध्यक्ष

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
१ नं. प्रदेश, नेपाल

**समितिका संयोजक तथा गाँउ सभा सदस्य ज्यूहरु,**

आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, चालु आवधिक योजना, हामीले जनप्रतिनिधिको हैसियतले जनता सामु गरेका प्रतिवद्धता, टोलस्तर देखि वडास्तर हुँदै वजेट तथा कार्यक्रम तर्जुमा समिति सम्मका वजेट तर्जुमाका चरणमा भएका छलफल, गाउँ कार्यपालिका बैठकमा भएका छलफलबाट प्राप्त सुझाव, विभिन्न संघ संस्थाबाट प्राप्त सुझाव, निजी क्षेत्रबाट प्राप्त सुझाव तथा प्रचलित ऐन, कानूनमा रहेको व्यवस्था, संघ र प्रदेश सरकारको नीति तथा कार्यक्रम, स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएका काम, कर्तव्य र अधिकारलाई मुख्य आधारको रुपमा लिएको छु।

स्थानीय तहको दोस्रो निर्वाचनद्वारा निर्वाचित रामप्रसादराई गाउँपालिकाका हामी पदाधिकारीहरु संविधानवाद, कानूनको शासन, मानवअधिकार, मौलिक हकको संरक्षण र प्रवर्द्धन, सामाजिक न्याय तथा सुशासनयुक्त स्थानीय शासनको अभ्यास एवम् स्थानीय तहको सुदृढीकरण मार्फत सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास गर्न संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्वन्धलाई समन्वय, सहकार्य र सहअस्तित्वको आधारमा मजबुत बनाउँदै निर्वाचनका समयमा सार्वभौम नागरिक समक्ष हामीबाट ब्यक्त गरिएका प्रतिवद्धता अनुरुप स्वच्छ, सदाचारयुक्त सुशासनको प्रत्याभूति सहित स्वचालित कार्यप्रणालीको स्थापना र अभ्यासको माध्यमद्वारा स्थानीय तहबाट प्रवाह गरिने सेवामा गुणस्तरीयता, निष्पक्षता, पारदर्शिता, प्रभावकारिता, मितव्ययिता, जवाफदेहिता एवं जिम्मेवार सुशासन प्रणालीको प्रवर्द्धन गर्न प्रतिवद्ध रही योजनावद्ध विकासद्वारा मात्र दिगो शान्ति र समृद्धि हासिल गर्न सकिन्छ भन्ने मान्यतामा दृढ तथा प्रतिबद्ध छौं।

यसै सन्दर्भमा आ.व. ०७९।०८० को नीति तथा कार्यक्रमको उद्देश्य एवं प्राथमिकता निम्न अनुसार भएको व्यहोरा यो सभा समक्ष प्रस्तुत गर्न चहान्छु।

**यस नीति, कार्यक्रम तथा बजेटका उद्देश्यहरु निम्न अनुसार छन् :-**

१. गाउँपालिकाको गरिबी न्यूनिकरण गर्दै जिवनस्तर सुधार गर्न न्यूनतम आधारभूत आवश्यकताहरुको परिपूर्ति गर्ने,

२. संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न अनुदानहरुको उच्चतम् परिचालन गर्दै गाउँपालिकाभित्र रहेका स्रोत साधन, राजश्वको पहिचान र परिचालन गरी गाउँपालिकाको आर्थिक सम्बृद्धि हासिल गर्ने,

३. सार्वजनिक, निजी र कृषि सहकारी क्षेत्रलाई प्रोत्साहित गर्दै भौतिक तथा सामजिक पूर्वाधार तयार पारी सम्मुनत, सुदृढ र दिगो अर्थतन्त्रको निर्माण गर्ने।

४. उत्पादन र उत्पादकत्व अभिवृदी गर्ने।

५. सर्वांगिण विकासका आयामहरुमा सकरात्मक परिवर्तन र उत्थानशिल उन्मुख दिगो विकासको लक्ष्य हासिल गर्ने।

६. विपद न्युनिकरण प्रतिकार्य तथा व्यवस्थापन गर्ने।

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
१ नं. प्रदेश, नेपाल

श्याम बहादुर राई
अध्यक्ष

**यसै गरी यस नीति, कार्यक्रम तथा बजेटका प्राथमिकताहरु निम्न अनुसार रहेका छन्ः-**

१. गाउँपालिका भित्रको शिक्षा, स्वास्थ्य, आवास र रोजगारी जस्ता आधारभूत मानवीय आवश्यकताहरुको परिपूर्ति गर्ने क्षेत्रहरुको विकास र प्रवर्धन गर्ने,
२. उच्च र दिगो आर्थिक बृद्धिदर हासिल गर्न कृषि, पशुपालन, शिक्षा, पर्यटन, घरेलु तथा साना उद्योगका क्षेत्रमा पूँजी परिचालन गर्ने,
३. भौतिक र सामाजिक पूर्वाधारको विकास गरी सम्बृद्ध गाउँपालिका बनाउने अभियान लाई गति दिन शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, सडक, सिंचाई, जलविद्युत जस्ता क्षेत्रहरुको निर्माण, विकास र विस्तार गर्ने,
४. गाउँपालिका सरकारको आधार सुशासन, नैतिकता र सदाचार भन्ने अभिप्रायका साथ आम गाउँपालिका बासीलाई गुणस्तरीय, परिणाममूखि र छिटो छरितो सेवा प्रदान गर्ने र,
५. प्राकृतिक प्रकोपको न्यूनिकरण र पर्यावरणीय संरक्षण गर्ने।

विकास बहुआयमिक विषय भएकोले यसको लक्ष्य प्रास गर्न कुनै एक क्षेत्रबाट मात्र सम्भव छैन। विकासको प्रमुख दायित्व यस रामप्रसादराई गाउँपालिका क्षेत्रमा गाउँपालिकाको हो भन्ने कुरामा दुईमत छैन तर बहुआयमिक विकासको लागि केवल गाउँपालिकाको मात्र मुख ताकेर बस्नु पनि बुद्धिमानी पूर्ण कार्य होईन र यो तर्कसंगत पनि छैन। किनकी गाउँपालिका बाहेक अरु पनि विकासका संवाहक छन्। सबै संवाहक गाउँपालिका सँग हातेमालो गरी यो गाउँपालिकाको विकासको लागि तनमन लगाएर सदा लाग्नु पर्ने कुरा म यस सभामा राख्न चाहान्छु।

**समितिका संयोजक तथा गाँउ सभा सदस्य ज्यूहरु,**

वडा स्तरको विकासको लागि मूलत वडा अध्यक्ष लगायत वडाका सम्पूर्ण सदस्यज्यूहरुको मुख्यत: नेतृत्वदायी भुमिका रहन्छ। वडामा रहेका शिक्षण संस्था, गैरसरकारी संस्था, विभिन्न संघ सस्था, समिति र टोल विकास संस्था समेतलाई विकासको मूलधारमा लैजानु आजको अर्थपूर्ण याथार्थ हुनु पर्दछ भन्ने मलाई लाग्दछ। यस सन्दर्भमा विकास र सम्बृद्धि भन्दा हाम्रो अन्य विकल्प अरु नभएको कुरा हामी यस गाउँपालिकाका जनप्रतिनिधि एवं कर्मचारी साथीहरुले गहिरिएर बुझ्नु आजको आवश्यकता हो भन्ने कुरामा पनि मेरो स्पष्ट बुझाई रहेको छ।

**समितिका संयोजक तथा गाँउ सभा सदस्य ज्यूहरु,**

अब म यस गाउँपालिकाको आ.व. ०७८।०७९ को प्रस्तावित नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चहान्छु।

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
१ नं. प्रदेश, नेपाल

थाम बहादुर राई
अध्यक्ष

## १ आर्थिक विकास

### १.१ कृषि

१. दिगो कृषि क्षेत्रको विकासका लागि कृषि सम्बन्धी आवश्यक नीत, ऐन, नियमहरु तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

२. रामप्रसादराई गाउँपालिकाको कृषि तथा पशुपंक्षी क्षेत्रको विकास र समृद्धिको लागि कृषि गुरु योजना तथा पञ्चबर्षीय योजना निर्माण गरी कार्यान्वयव गर्दै लगिनेछ।

३. कृषक समुह दर्ता प्रकृयालाई व्यवस्थित र सरल बनाइ सामुहिक र सहकारी खेतीमा जोड दिइनेछ।

४. व्यवसायिक उत्पादन क्षेत्रमा कृषि सडक, विद्युत, संचार, प्रत्येक वडामा संकलन केन्द्र स्थापना गरी व्यवस्थित रुपमा खपत तथा निर्यातको प्रवन्ध गरिनेछ।

५. विज्ञहरु हायर गरी तालिम तथा अभिमुखिकरण कार्यक्रम मार्फत कर्मचारी तथा अगुवा कृषकहरुको क्षमता अभिबृद्ध गरिने छ।

६. कृषि तथा पशुपंक्षी सम्बन्धी आधारभुत बस्तुगत तथ्यांक संकलन तथा सार्वजनिक गरिनेछ।

७. सबै वडाहरुमा माटो परिक्षण गरि कृषिलाई बैज्ञानिकीकरण गरिनेछ।

८. गाउँमा रहेका युवा जनशक्तिलाई व्यवसायिक खेती गर्न प्रोत्साहन गरी बाझो जग्गामा नगदेवाली खेती गरिनेछ।

९. एक वडा, एक उत्पादन तथा एक घर, एक करेसाबारीको नीतिलाई प्राथमिकता दिइनेछ।

१०. कृषकलाई प्रोत्साहन गर्न प्रत्येक बर्ष कृषि तथा पशु प्रदर्शन कार्यक्रम सञ्चालन गरिनेछ।

११. भौगोलिक बातावरण अनुसार प्रत्येक वडामा संभावित वाली तथा फलफुल छनौट गरी कृषि जोन घोषणा गरी व्यवसायिक पकेट खेति गर्न कृषकलाई प्रोत्साहन गरिनेछ।

१२. आँप, लिचि, कागती, सुन्तला, एभोकार्डो, किवी, केरा, मौरीपालन, अलैची, जडीबुटी, च्याउ, अदुवा, कफी, चिया, अकवरे खुर्सानी आदि नगदे बालीहरुलाई प्राथमिकतामा राखेर व्यवसायिक खेतीमा जोड दिइनेछ।

१३. कृषि खेतिलाई आधुनिकीकरण र उत्पादन लागत कम गर्न आधुनिक कृषि औजार तथा यन्त्र उपकरणको प्रचार प्रसार तथा अनुदानमा वितरण गरिनेछ।

१४. फलफुल र तरकारी वीउ उत्पादन पकेटलाई सुदृढिकरण गर्दै लैजाने र संभावित स्थानहरुमा विभिन्न बालीको विजवृद्धि कार्यक्रम संचालन गरिनेछ।

थाम बहादुर राई
अध्यक्ष

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
१ नं. प्रदेश, नेपाल

१५. खाद्यान्न तथा फलफुलमा देखिने रोग किराको निदान तथा कृषि वालीमा क्षति पुऱ्याउने जंगली जनावार नियन्त्रणको लागि आवश्यक व्यवस्था मिलाइने छ।

१६. रसायनिक खेतीलाई विस्तारै निरुत्साहित गर्दै अर्गानिक खेतीलाई प्रोत्साहन गर्दै लगिने छ।

१७. वैदेशिक रोजगार बाट फर्किएका तथा वेरोजगार युवाहरुलाई लक्षित गरी लगानी र उत्पादनको आधारमा अनुदानको व्यवस्था गरिनेछ।

१८. उत्पादनको आधारमा उपहारको व्यवस्थाका साथ उत्पादित वस्तुको उचित मुल्य तोकी खरिद गरि बजारको ग्यरेन्टी गरिनेछ।

१९. किसान द्वारा उत्पादित खाद्यजन्य वस्तुहरुको सुरक्षित गर्न शित भण्डार निर्माण गरिनेछ।

## १.२ पशुपालन

१. पशु नक्ष्ल सुधार कार्यक्रम संचालन गरिनेछ।

२. पशुपंक्षी पालन जस्तैः कुखुरा, सुगुर, वंगुर, राँगा, बाख्रा, माछा पालन आदिलाई परिणाममुखी व्यावसायिक र प्रतिस्पर्धी बनाइनेछ।

३. गुणस्तर पशुआहाराको उपलब्ध बढाउन चरण क्षेत्रको विकास, डालेघाँस, भुईघाँसको उत्पादन र प्रयोगका साथै दाना, औषधी, घाँस सम्मिश्रण उत्पादन र प्रयोगमा जोड दिइने छ।

४. पशुपंक्षी फर्महरुको पुर्वाधार विकास एवम् सुधार तथा फर्म स्थापना र संचालन गरिनेछ।

५. कृषि र पशुपालन क्षेत्रमा उत्कृष्ट कृषकहरुलाई प्रोत्साहन गर्न बार्षिक रुपमा सम्मान तथा पुरस्कारको व्यवस्था गरिनेछ।

६. युवा जनशक्तिलाई प्रविधि, सीप र पुँजी उपलब्ध गराई पशुपालन क्षेत्रमा आकर्षित गर्दै सम्मानित पेशाको रुपमा स्थापित गरिनेछ।

७. निर्वाहमुखी पशुपालनलाई व्यवसायिक पशुपालनमा रुपान्तरण गरिनेछ।

८. कृषकहरुले उत्पादन गरेको पशु र पशुजन्य पदार्थ विक्रिवितरण गर्नको लागि पशु संकलन केन्द्र, दुग्ध संकलन केन्द्र र हाटबजार जस्ता आवश्यक पूर्वाधारहरुको क्रमिक रुपमा विकास गरिनेछ।

९. कृषि र पशु बिमा सम्बन्धी जनचेतनामुलक कार्यक्रम संचालन गरिदै लगिनेछ।

१०. बाहै मास सिंचाईको व्यवस्था हुने गरी सिंचाई प्रणालीको व्यवस्था गरिनेछ।

११. खुल्ला र प्लाष्टिक पोखरीको व्यवस्था गरिनेछ।

श्याम बहादुर राई
अध्यक्ष

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
१नं. प्रदेश नेपाल

१२. कुवा, धारा, खोला, खोल्सा, सिमसार क्षेत्र, जलाधार क्षेत्रको संरक्षण सम्बद्र्धन गर्ने कार्य गरिनेछ।

## १.३ पर्यटन

१. यस गाउँपालिका क्षेत्र भित्र रहेका पर्यटकीय क्षेत्रहरुको गुरु योजना तयार गरी लगानीको लागि प्रदेश सरकार र संघीय सरकारसँग प्रस्ताव पेश गरिनेछ।

२. पाक्माखाम गढी संरक्षण, नागछाँगा, गोल्मे भीर, दागबुङ पदमार्ग, चुलाचुली, गुसेश्वर महादेव, बेहेरेश्वर धाम तथा अन्य मठमन्दिर, गुम्बा, मस्जिद चर्च आदि क्षेत्रको संरक्षण र सम्बद्र्धन गरिनेछ।

३. बिभिन्न सामाजिक, सांस्कृतिक धार्मिक, पर्यटकीय क्षेत्रको पहिचान तथा संरक्षण गरिनेछ।

४. बिभिन्न साकेन्वा थानहरुको संरक्षण र ती स्थलहरुमा पार्कको स्थापना गरिनेछ।

५. पर्यटन प्रर्वधन गर्ने उद्देश्यले निर्माणाधिन पार्कहरुलाई निरन्तरता दिदै लगिनेछ।

## १.४ उद्योग तथा वाणिज्य

१. घरेलु तथा साना उद्योगहरुको स्थापना तथा प्रबर्द्धन गरिनेछ।

२. हस्तकला सम्बन्धी ढाका बुनाई, चोयाको डोका, नाम्लो, डालो तथा अन्य वस्तुहरु उत्पादनमा जोड दिइनेछ।

## १.५ सहकारी

१. गाउँपालिकामा सञ्चालित सहकारीहरुलाई सक्रिय र सक्षम तुल्याइनेछ।

२. एक वडामा एक सहकारी स्थापना गरी एक घर एक सहकारी शेयर सदस्यको नीतिलिइनेछ।

३. सहकारी सम्बन्धी क्षमता विकास तालिम संचालन गरिनेछ।

४. वडा नं १ देखी वडा नं ८ सम्म कृषि महिला सहकारी गठन गरि कृषिमा आत्मनिर्भर गर्दै महिलाहरुको आर्थिक बृद्धी गर्ने।

# २. सामाजिक विकास

## २.१ शिक्षा

१. "सुन्दर रामप्रसादराई गाउँ, स्वच्छ, सुसंस्कृत र समृद्ध बनाऔं।" भन्ने दीर्घकालीन सोचको आधारशिला नै शिक्षा रहेकोले आगामी आर्थिक वर्ष शिक्षा क्षेत्रमा नविन विचारहरु वैकल्पिक शिक्षा पद्दती सहितका कार्यक्रम संचालनमा ल्याइनेछ।

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
१ नं. प्रदेश, नेपाल

श्याम बहादुर राई
अध्यक्ष

२. सवै विद्यालयमा कार्यरत कार्यलय सहयोगी, प्रारम्भिक बाल विकास सहयोगी कार्यकर्ता र लेखा हेर्ने कर्मचारीलाई नेपाल सरकारको मापदण्ड अनुसार न्यूनतम पारिश्रमिकको निरन्तरता गरिनेछ।

३. सामुदायिक तथा संस्थागत विद्यालयको समग्र पक्षको सुक्ष्म अध्ययन गर्न सघन विद्यालय अनुगमन कार्यक्रम सञ्चालन गरिनेछ।

४. गाउँपालिका शैक्षिक सुधार कार्यक्रम संचालन गरिनेछ।

५. सिकाई स्थलको भौतिक सुदृढिकरण, सिकाई उपलब्धि अभिबृद्धि, योग्यता पुगेका प्रधानाध्यापकको सुनिश्चितता, शिक्षक कर्मचारी दरबन्दी मिलान, मूल्यांकन पद्धतिमा सुधार, शिक्षक र बिद्यार्थीबीच बढी समय बिताउने वातावरण सिर्जना, सिकाई सुधार, सूचना तथा सञ्चार प्रविधिको प्रयोग जस्ता कार्य गरी आगामी वर्षदेखि सिकाई सवलीकरण दशकका रुपमा शैक्षिक रुपान्तरण महाअभियान संचालन गरिनेछ।

६. आवश्यकताका आधारमा विद्यालयको भौतिक सुदृढिकरण (स्वच्छ खानेपानी, घेरावारा साथै चर्पी निर्माण) गरिनेछ। आगामी वर्षमा गाउँपालिकाका सबै सामुदायिक विद्यालयमा एकै प्रकारको कलर कोड प्रयोग गरिनेछ।

७. गाउँपालिका स्तरमा संचालित ट्यूसन तथा कोचिङ सेन्टर, शैक्षिक परामर्श केन्द्र, आवधिक तथा छोटो अवधिका तालिम लगायत विद्यालय बाहिर हुने अध्यापन तथा शैक्षिक क्रियाकलाप संचालन गर्ने संघ संस्थालाई अनुगमन, मूल्यांकन, अभिलेखिकरण र व्यवस्थापन गरिनेछ।

८. सूचना तथा संचार प्रविधिको प्रयोग गरी शिक्षक तथा कर्मचारीको विद्युतीय हाजिरी प्रणाली विकास गरिनेछ।

९. विद्यालयमा स्वच्छ वातावरण सिर्जना गर्नका लागि हरित विद्यालय अवधारणा प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

१०. विद्यालयमा अध्ययनरत छात्राहरुलाई महिनावारी भएका समयमा हुने अप्ठ्यरोपन र पठनपाठनमा पर्ने असरलाई मध्यनजर गरी सरकारको नीति अनुरुप सबै माध्यमिक विद्यालयमा महिनावारी हुँदा प्रयोग गरिने स्यानिटरी प्याड उपलब्ध गराइनेछ।

११. बालविकास केन्द्रको भौतिक सुदृढिकारण गरी बालमैत्री बनाई स्मार्ट टेलिभिजनका माध्यमबाट डिजिटल सिकाईलाई जोड दिइनेछ।

१२. सबै शैक्षिक एवं सामाजिक संस्थाहरुमा नैतिक शिक्षा तथा सदाचार पद्धति विकास गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।

१३. माध्यमिक शिक्षा परीक्षा (एस्.ई.ई) मा राम्रो नतिजा ल्याउने १ वटा सामुदायिक विद्यालयलाई राष्ट्रिय मापदण्डका आधारमा पुरस्कृत गरिनेछ। SEE मा गाउँपालिका भित्र प्रथम हुने एक छात्र र

श्याम बहादुर राई
अध्यक्ष

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
१ नं. प्रदेश, नेपाल

एक छात्रा तथा उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षकलाई उचित सम्मान तथा पुरस्कारको व्यवस्था गरिनेछ।

१४. सामुदायिक विद्यालयका तल्लो तहबाट अङ्ग्रेजी माध्यम बाट पठनपाठन सुचारु गरिनेछ। अङ्ग्रेजी माध्यम बाट पठनपाठन गर्न असमर्थ शिक्षक तथा कर्मचारीको क्षमता विकासका लागि विभिन्न प्रकारका तालिमहरु संचालन गरिनेछ।

१५. शिक्षण सिकाई, मूल्यांकन तथा बिदामा एकरुपता कायम गर्न शैक्षिक पालिकास्तरिय शैक्षिक क्यालेण्डर निर्माण तथा कार्यान्वयन लाई निरन्तरता दिइनेछ।

१६. मासिक रुपमा प्र.अ. को बैठक राखि प्रत्येक विद्यालयको शैक्षिक, आर्थिक एवम् भौतिक प्रगतिको समिक्षा गरिनेछ।

१७. चालु आर्थिक वर्षभित्र स्थानीय पाठ्यक्रम निर्माण लागु गरिनेछ।

१८. सबै विद्यालयहरुमा कम्तिमा एक सेट सोलार, इन्भर्टर, कम्प्यूटर, प्रिन्टर साथै इन्टरनेटको व्यवस्था गरिनका साथै वालमैत्री उद्यान (kids friendly garden) निर्माण गरिनेछ।

१९. विद्यार्थीहरुको प्रतिभा पहिचानका साथै क्षमता विकासका लागि पालिकास्तरिय अतिरिक्त क्रियाकलापका कार्यक्रमहरु आयोजना गरिनेछ।

२०. गणित, विज्ञान र अंग्रेजी विषयमा एस.ई.ई. परीक्षा तयारिका लागि बजेट व्यवस्थापन गरिनेछ।

२१. प्रत्येक विद्यालयमा प्राथमिक उपचार सामग्री सहितको बाकस उपलब्ध गराइनेछ।

२२. कार्यसम्पादन र नतिजामा आधारित दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ।

२३. कक्षा ९–१२ मा अध्ययनरत जेहेन्दार तथा आर्थिक रुपले विपन्न विद्यार्थीलाई छात्रृत्तिको व्यवस्था गरिनेछ। साथै कक्षा १२ सम्मको निशुल्क तथा अनिवार्य शिक्षा नीतिलाई कार्यन्वयन गर्दै लगिनेछ।

२४. गाउँपालिका भित्र वसोवास गरिरहेका व्यात्तीले अध्यायन समासी पश्चात गाउँपालिकाले तोकेको क्षेत्र र चाहेको जुनसुकै बखत गाउँपालिकालाई निशुल्क सेवा प्रदान गर्ने सर्तमा कुनै पनि विषयमा नेपालको विश्वविद्यालय बाट Ph.D. तथा त्रि.वि को आङ्गिक क्यम्पस, भोजपुर बहुमुखी क्यम्पस बाट स्नातकोत्तर अध्यायन गर्दा लागेको शिक्षण शुल्क गाउँपालिकाले व्यहोर्नेछ।

२५. कक्षा ५ र ८ को परिक्षा गाउँपालिका स्तरिय संचालन गरिनेछ।

२६. प्रत्येक विद्यालयमा युरेस र जुरेस गठन गरी व्यवस्थित गरिनेछ।

२७. विद्यालयको क्षेत्राधिकारमा पर्ने कार्यमा प्र.अ.र वि.व्य.स. अध्यक्षलाई उत्तरदायी बनाइनेछ।

श्याम बहादुर राई
अध्यक्ष

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वैकुण्ठे, भोजपुर
१ नं. प्रदेश, नेपाल

२८. गाउँपालिका भित्रका शिक्षित जनशक्तिलाई शिक्षण स्वयंसेवकको रुपमा परिचालन गरिनेछ।

२९. सरकारी कोषबाट तलब भत्ता लिने कर्मचारी, शिक्षक तथा जनप्रतिनिधिका छोराछोरीहरुलाई सामुदायिक विद्यालयमा भर्ना गरी पठनपाठन गर्ने नीति लिइनेछ।

३०. शिक्षक, वि.व्य.स. तथा शैक्षिक सरोकारवालाहरुलाई नमुना विद्यालय अवलोकन भ्रमण गराइनेछ।

३१. विशेष परिस्थितिमा रेडियो शिक्षा, अभिभावक शिक्षा कार्यक्रमको व्यवस्था गरिनेछ।

३२. मातृभाषा पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

३३. वि.व्य.स., प्र.अ. साथै शिक्षक अभिभावक संघका काम, कर्तव्य र अधिकारका बारेमा गोष्ठी संचालन गरिनेछ।

३४. राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितालाई थप बजेट उपलब्ध गराई व्यवस्थित गरिनेछ।

३५. प्र.अ. र गाउँपालिकाबिच कार्यसम्पादन सम्झौता गरिनेछ।

३६. बिद्यार्थीको आवश्यकता पहिचान गरी लोकसेवा तयारी कक्षा संचालन गरिनेछ।

३७. गाउँपालिका भित्रका प्रत्येक विद्यालयमा तोकिएको समय भित्रै सामाजिक लेखापरिक्षण, अन्तिम लेखापरिक्षण, विद्यालय सुधार योजना निर्माण, विद्यालय व्यवस्थापन समिति गठन, शिक्षक अभिभावक संघ गठन गर्ने, गराउने सुनिश्चितता गराइनेछ।

३८. शिक्षामा कम्तिमा १० प्रतिशत वजेट छुट्याईनेछ।

३९. आगामी आर्थिक वर्ष भित्रनै गाउँ शिक्षा ऐन निर्माण तथा कार्यन्वयनमा ल्याई शिक्षकहरुको बृति विकासलाई टेवा पुऱ्याउन आन्तरिक सरुवा प्रणाली अवलम्बन गरि विद्यालय शिक्षालाई प्रभावकारी रुपमा नियमन तथा व्यवस्थापन गरिनेछ।

## २.२ स्वास्थ्य

१. नेपालको संविधान, २०७२ ले प्रत्याभुत गरे बमोजिम स्वास्थ्य सेवामा आम गाउँपालिकावासीको सहज, सुलभ र समान पहुँचको सुनिश्चितता प्रदान गरिनेछ।

३. MBBS Doctor, Lab, Video X-ray सुविधा सहितको सेवाको प्रत्यभुती दिलाईनेछ।

२. सबै स्वास्थ्य चौकीहरुलाई स्रोत साधन सम्पन्न बनाइनुका साथै स्वास्थ्य कर्मीहरुको क्षमता विकास गरिनेछ।

रामप्रसादराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बैकुण्ठे, भोजपुर १ नं. प्रदेश नेपाल

श्याम बहादुर राई
अध्यक्ष

३. स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका महिला, बालबालिका, विपन्न, दलित, सीमान्तकृत र पिछडिएका जातजातिहरुलाई लक्षित गरी सम्बन्धित संघसंस्थाहरुको समन्वय र सहयोगमा एकीकृत घुम्ती स्वास्थ्य शिविर सञ्चालन गरी आधारभूत स्वास्थ्य सेवा पुऱ्यायने नीति अवलम्बन गरिनेछ।

४. स्वास्थ्य जनता रामप्रसादराई गाउँपालिकाको अमुल्य नीधि भन्ने मान्यतालाई आत्मसाथ गर्दै अत्यावश्यक औषधीको निरन्तर उपलब्धताको व्यवस्था मिलाइनेछ।

५. स्वास्थ्यसँग सम्बन्भित नयाँ बन्ने संरचना अपाङ्ग, बालबालिका, जेष्ठ नागरिक मैत्री तथा भइरहेका संरचनाहरु क्रमिक रुपमा सुधार गरिनेछ।

६. स्वास्थ्य क्षेत्रका जनशक्ति र महिला स्वास्थ्य स्वयमसेविकाको क्षमता विकास र स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको स्तर अभिवृद्धि गरी सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ।

७. गर्भवती तथा सुत्केरी आमा र नवजात शिशुको स्वास्थ्यलाई मध्यनजर गरी आमा पोषण कार्यक्रमलाई यस आर्थिक वर्ष पनि निरन्तरता दिइनेछ छ।

८. पूर्ण खोप घोषणा तथा निरन्तरताको लागि थप कार्यक्रमहरु सञ्चालन गरिनेछ।

९. स्वास्थ्य चौकी भवनहरु नभएका वडाहरुमा व्यवस्थित स्वास्थ्य चौकी भवनको निर्माण कार्य यहि आर्थिक वर्षमा पुरा गरिनेछ।

१०. किशोर किशोरीहरुको स्वास्थ्यमा विशेष ध्यान दिन तथा परिवार नियोजन सम्बन्धी कार्यक्रम प्रत्येक वडाहरुमा संचालन गर्ने तथा प्रजनन स्वास्थ्य सम्बन्धी सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ।

११. समुदायमा आधारित स्वास्थ्य बीमा कार्यक्रम यस गाउँपालिकाका सबै वडामा पुऱ्याउने नीति अववम्बन गरिनेछ।

१२. सूर्तीजन्य पदार्थमा नियन्त्रण गर्नुका साथै मदिरा उत्पादन र बिक्री वि तरणलाई प्रभावकारी रुपमा नियमन गरिनेछ।

१३. यस गाउँपालिकामा सञ्चालित रहेका दुई वटा स्वास्थ्य प्रयोगशालाहरुलाई अझ व्यवस्थित गरी रोगसँग सम्बन्धित परीक्षण कार्यलाई थप प्रभावकारी बनाइदै लगिनेछ।

१४. OTC स्थापना गरी सुदृढिकरण गरिनेछ।

१५. स्वास्थ्यचौकिहरुमा विज्ञान प्रविधिको प्रयोग गरि स्वास्थ्य उपचारलाई व्यवस्थित गरिने छ।

## २.३ खानेपानी तथा सरसफाई

रामप्रसादराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बैकुण्ठे, भोजपुर १ नं. प्रदेश, नेपाल

श्याम बहादुर राई
अध्यक्ष

१. स्वच्छ एवम् गुणस्तरीय खानेपानीको आपूर्तिलाई व्यवस्थित गर्न पुराना खानेपानी योजनाहरुको दिगो संरक्षण, मुहानको खोजी गरी सो को संरक्षण, सार्वजनिक स्थानमा धारा जडान गरी पर्याप्त खानेपानीको आपुर्तिको व्यवस्था मिलाइनेछ।

२. खानेपानी विस्तृत परियोजना प्रतिवेदन बनाई समग्र गाउँपालिका बासीहरुको घर घरमा खानेपानी पुऱ्याउने तथा हाल संचालित तथा बन्दै गरेका खानेपानी आयोजनाहरुलाई थप बजेट गरी व्यवस्थित गरिनेछ।

३. फोहोर मैलाको उचित व्यवस्थापनको लागि फोहोर फाल्ने क्षेत्रको व्यवस्था गरिनेछ।

४. बजार क्षेत्रभित्र फोहोर तथा अव्यवस्थित कार्य गर्ने जो कोहीलाई दण्ड तथा जरिवानाको दायराभित्र ल्याइनेछ।

५. गाउँपालिकाभित्रका सबै बजार क्षेत्रमा सार्वजनिक शौचालयको निर्माण गरिनेछ।

६. खानेपानी तथा सरसफाई निर्माण र उपयोगमा वातावरणमैत्री एवम् जलवायू परिवर्तन अनुकुलन हुने व्यवस्थालाई प्रोत्साहन गरिनेछ।

७. गाउँपालिका भित्र रहेको वनजंगल तथा जैविक विविधताको संरक्षण गर्न विभिन्न कार्यक्रमलाई अगाडी बढाइनेछ।

८. "आफ्नो ठाउँ आफै सफा गरौं" अभियान सञ्चालन गरी गाउँपालिका भित्रको सबै टोल, बस्तहिरु सुन्दर र सफा राखिनेछ।

९. एक घर एक धारा र एक घर एक चर्पीको नीति लिईनेछ।

१०. नियमित सरसफाई गर्ने तथा मध्यपान धुम्रपान पुर्ण रुपमा नगर्ने घरको सर्वेक्षण गरि उचित पुरस्कारको व्यवस्था गरिने छ।

## २.४ सामाजिक न्याय, सूरक्षा, सद्भाव, संस्कृति र एकता

१. समाजमा विद्यमान कुरीतिको रुपमा रहेको अन्धविश्वास र सामाजिक सद्भावमा विचलन ल्याउने सबै प्रकारका व्यवहारहरुलाई निरुत्साहित गरिनेछ। सामाजिक छुवाछुत र भेदभावलाई जनचेतनामुलक कार्यक्रम मार्फत न्युनिकरण गर्दै पूर्ण रुपमा निर्मूल गरिनेछ ।

२. सामाजिक, सांस्कृतिक तथा जातिय विभेद, छुवाछुत, घरेलु हिंसा, अमानबीय क्रियाकलाप जस्ता कुसंस्कार विरुद्ध सामाजिक सचेतना अभियान चलाइनेछ।

शाम बहादुर राई
अध्यक्ष

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
१ नं. प्रदेश, नेपाल

३. बहुजातिय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक र बहुआयामिक बिशेषताको संरक्षण र सम्बद्र्धन गर्ने कार्यमा जोड दिइनेछ। स्वच्छता, पारदर्शिता र राष्ट्रिय हित तथा एकताका आदर्शलाई प्रबद्र्धन गरिनेछ।

४. फरक क्षमता भएका नागरिकहरुलाई उनीहरुको शारीरिक क्षमता र बौद्धिक क्षमताका आधारमा आन्मनिर्भर बन्न सक्ने सीप र क्षमता अभिबृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ।

५. आपसी कलह, झैझगडा तथा द्वन्द न्यायिक समिति मार्फत निष्पक्षताको आधारमा समाधान गरिनेछ।

६. राज्यका विभिन्न अङ्गहरुसँग समन्वय गरी शान्ति सुव्यवस्था कायम गरिनेछ।

७. रामप्रसादराई गाउँपालिका भित्रका सुरक्षा निकायहरुको भौतिक 'संरचनालाई थप सुदृढिकरण गर्दै लगिने छ।

८. सुरक्षा निकायलाई प्रोत्साहित र व्यवस्थित वनाउन थप वजेट विनियोजन गरिनेछ।

## २.५ लैङ्गिक समानता तथा महिला सशक्तिकरण

१. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण, विभेद र वहिष्करणलाई न्यूनिकरण गर्दै पुर्णरुपमा अन्त्य गरिनेछ।

२. महिलाहरुको राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरुको संरक्षण र सम्बद्र्धन गरिनेछ।

३. विपन्न, पिछडिएका तथा एकल महिलाको लागि आयआर्जन, क्षमता विकास र सशक्तिकरण गर्ने कार्यक्रमहरुको पहिचान गरी कार्यान्वयनमा ल्याइनेछ।

४. गाउँपालिका तथा अन्य संघसंस्थाहरुबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरुमा महिलाहरुको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ।

५. महिलाहरुको सीप विकास तथा क्षमता अभिबृद्धि गरी आर्थिक रुपमा आन्मनिर्भर बनाउने नीति अवलम्बन गरिनेछ।

६. लैङ्गिक हिंसा सम्बन्धी कार्यलाई समाजमा नै दबाव पूर्वक मिलाउने कार्यलाई निरुत्साहित गरिनेछ ।

## २.६ अपाङ्गता

१. अपाङ्गता भएका व्यक्तिहरुको क्षमता विकास एवं उनीहरुको सामाजिक सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाइदै लैजाने नीति लिइनेछ।

श्याम बहादुर राई
अध्यक्ष

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
१ नं. प्रदेश नेपाल

२. अपाङ्गताको प्रकृति हेरी उपयुक्त सीपमूलक तालिम प्रदान गरी रोजगारीका अवसरहरुमा पहुँच विस्तार र स्वरोजगारीका अवसरहरु सिर्जना गरिनेछ।

३. अपाङ्गता भएका व्यक्तिहरुलाई सहज सेवा सुविधा पुऱ्याउन अपाङ्ग मैत्री भौतिक संरचना बनाउने र भइरहेका संरचनाहरुको सुधार गरिनेछ।

४. अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संरक्षण र सचेतनामूलक कार्यहरु सञ्चालन गरिनेछ।

५. अपाङ्गता भएका व्यक्तिहरुको शारीरिक र मानसिक विकासका लागि खेलकुद तथा मनोरञ्जनका कार्यक्तमहरु सञ्चालन गरिनेछ।

६. अपाङ्गता हुनबाट बचाउनका लागि विभिन्न स्वास्थ्य कार्र्यक्रम यवम् सचेतना मुलकको कार्यक्रम गरिनेछ।

## २.७ बालबालिका तथा किशोरकिशोरी

१. आफ्नो धारण बनाउन सक्षम बालबालिका तथा किशोरकिशोरीहरुलाई निजसँग सम्बद्ध सबै विषयहरुमा आफ्नो विचार अभिव्यक्ति गर्न पाउने अवसर दिई विकास र सामुदायिक तहको निर्णय प्रक्रियामा बाल सहभागिता अभिवृद्धि गरिनेछ।

२. सबै किसिमका बाल अधिकारहरु आधारभूत स्वतन्त्रताको पूर्ण उपभोगको 'प्रत्याभूतिका लागि कानुनी एवं संस्थागत व्यवस्थालाई प्रभावकारी बनाइनेछ।

३. बालबालिकाहरुको जन्मदर्तालाई अनिवार्य गरी प्रारम्भिक बालविकास प्रक्रियालाई व्यवस्थित गरिनेछ।

४. बालबालिकाहरुको शारीरिक, मानसिक एवं व्यक्तित्व विकासका लागि प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

५. बाल क्लब, सञ्जाल सञ्चालन लाई व्यवस्थित गरि परिचालनका लागि सहयोग पुऱ्याइनेछ।

६. यस गाउँपालिकालाई बाल बिवाहमुक्त पालिकाको रुपमा विकास गर्न पहल गरिनेछ।

## २.७ युवा तथा खेलकुद

१. स्वास्थ्यको लागि खेलकुद राष्ट्रको लागि खेलकुद भन्ने नारालाई स्थापित गरिनेछ।

२. एक पालिकास्तरीय उत्कृष्ठ खेलमैदानको निर्माण गरिनेछ।

३. वडा स्तरीय तथा पालिका स्तरीय खेलकुद कार्यक्रमलाई व्यवस्थित र निरन्तरता दिइनेछ।

४. भलिबल, फुट्बल, उसु, कराँते, व्याडमिन्टन, टेवल टेनिस, कबड्डी आदि खेलको विकासमा विशेष लगानी गरिनेछ।

शान्ति बहादुर राई
अध्यक्ष

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
१ नं. प्रदेश, नेपाल

५. कुलत, माधक पदार्थ सेवन जस्ता असामाजिक क्रियाकलापहरुबाट युवाहरुलाई मुक्त गर्न सम्बन्धित क्षेत्रगत निकायहरु र गैरसरकारी संस्थाहरुसँगको सहकार्य तथा समन्वयमा विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ।

६. युवाहरुलाई उत्पादनसील, बिकास निर्माण तथा रोजगारीमुलक कार्यमा ला ग्ने किसिममा क्रियाकलापमा लाग्न प्रोत्साहन गरिनेछ।

७. समाजमा विद्यमान गरिबी, अशिक्षा, छुवाछुत, जातीय बिभेद, लैङ्गिक हिंसा तथा अमानवीय कार्यहरुको अन्त्यका लागि युवा परिचालन गर्न सम्बन्धित क्षेत्रगत निकायहरु, गैरसरकारी संस्थाहरुसँगको सहकार्य तथा समन्वयमा विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ।

८. विकास कार्यक्रम, मानवीय सेवा, वातावरण संरक्षण र विपद व्यवस्थापनमा युवा शक्तिलाई परिचालन गरिनेछ।

९. सबैका लागि खेलकुदको अवधारणा अनुरुप खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ।

१०. खेलकुद सम्बन्धी पूर्वाधार निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

११. खेलकुदका हरेक क्षेत्र र स्तरमा महिला सहभागिता बढाउन प्रोत्साहन गरिनेछ।

१२. अन्यत्र स्थानमा सहभागी हुन जाने खेलाडीहरु लाई प्रोत्साहित गरिनेछ। सो को लागि वजेट समेत विनियोजन गरिनेछ।

### २.८ आदिवासी,जनजाति र मौलिक संस्कृती

१. आदिवासी जनजातिहरुको भाषा, धर्म, संस्कृतिको उत्थान, संरक्षण र सम्बर्द्धन गरिनेछ।

२. बहुसंख्यक जातिहरुको बाहुल्यता रहेको विद्यालयमा मातृभाषामा शिक्षण सिकाई गर्ने नीति लिइनेछ।

३. भाषा, धर्म, संस्कृतिलाई पर्यटनसँग जोडेर विकास गरिनेछ।

४. एतिहासिक, धार्मिक तथा सांस्कृतीक स्थलहरुको मौलिक ढंगले संरक्षण, सम्बर्द्धन र विकास गर्दै लगिनेछ।

५. समाजमा रहेको रैथाने ज्ञानको संरक्षण सम्बर्द्धन र विकास गर्नका निम्ती विभिन्न कार्यक्रमहरु संचालन गर्का लागि वजेटको व्यवस्थापन गरिने छ।

### २.९ जेष्ठ नागरिक

१. जेष्ठ नागरिकहरुको सामाजिक पहिचान, सम्मान, एवम् सामाजिक सुरक्षामा विशेष जोड दिने नीति लिइनेछ।

श्याम बहादुर राई
अध्यक्ष

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
१ नं. प्रदेश, नेपाल

२. जेष्ठ नागरिकलाई उपलब्ध गराइने भत्ता रकम बैंकिङ प्रणालीमार्फत् भुक्तानी गर्दै जाने र अति अशक्तहरुलाई वडाकेन्द्र वाटनै वितरणको व्यवस्था मिलाइनेछ।

३. गैरसरकारी संस्थाहरुलाई जेष्ठ नागरिकको क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिनेछ।

४. सार्वजनिक भौतिक संरचनाहरु जेष्ठ नागरिक मैत्री बनाइनेछ।

५. जेष्ठ नागरिकहरुको ज्ञान, सीप, सल्लाह, सुझाव र अनुभवलाई सम्पतिको रुपमा लिइनेछ।

६. जेष्ठ नागरिकहरुलाई स्वस्थ्य जीवनका लागि स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

७. ८० वर्ष भन्दा माथिको ज्येष्ठ नागरिकहरुको लागि घरदैलोमै प्रथमिक स्वास्थ्य चेकजाचँ तथा स्वास्थ्योपचारको व्यवस्था मिलाईनेछ।

## २.१० गरिबी निवारण तथा बेरोजगार

१. बेरोजगार तथा अर्धबेरोजगार युवाहरुलाई लक्षित गरी क्षमता विकास, आयआर्जन तथा रोजगारमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

२. गरिबी घटाउन प्राकृतिक स्रोत साधनको सन्तुलित व्यवस्थापन तथा उपयोगमा जोड दिइनेछ।

३. गरिबी घटाउन निवारण तथा सामुदायिक विकासमा संलग्न गैरसरकारी संस्थासँग प्रभावकारी समन्वय गरिनेछ।

४. विकास आयोजना सञ्चालन गर्दा श्रममूलक प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

५. गरिबीको रेखा मुनी रहेका जनताको संख्या एकीन गर्न संघीय सरकारले सञ्चालन गर्ने गरिब घरपरिवारको पहिचानको कार्य गरिनेछ । यो परिचयपत्र बाहकहरुलाई क्षमता अभिबृद्धि, पूंजीगत अनुदान तथा रोजगारी दिइनेछ।

# ३ पूर्वाधार विकास

## ३.१ सडक तथा पुल (झोलुङ्गे पुल)

१. सडक यातायातलाई दीर्घकालीन रुपमा व्यवस्थित बनाउन सडक निर्माण मापदण्ड बनाई लागु गरिनेछ।

२. गाउँपालिकाको कार्यालय र वडा कार्यालय जोड्ने सडकलाई बाह्रै महिना सञ्चालन हुने गरी मर्मत तथा स्तरोन्नति गर्न बजेट विनियोजन गरिनेछ।

थाम बहादुर राई
अध्यक्ष

राजप्रसाद राई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
१ नं. प्रदेश, नेपाल

३. सडक संरचना निर्माण, स्तरोन्नति र ट्र्याक खोल्ने काममा सन्तुलन मिलाइनेछ। नयाँ ट्र्याक ओपन लाई आवश्यक्ताको आधारमा पहिचान गरि निरन्तर गरिनेछ। पुरानो ट्र्याकको मर्मत तथा स्तरोन्ती लाई प्राथमिकता दिईनेछ।

४. बाढी पहिरोका कारण क्षतिग्रस्त भएका सडकहरुको पुन:निर्माणमा जोड दिइनेछ।

५. यस आर्थिक वर्षदेखि प्राविधिक समिति बनाई सो को सिफारिसमा मात्र नयाँ सडक निर्माण कार्यलाई अगाडी बढाइनेछ। साथै ५ लाख भन्दा कम लागतको योजना लाई निरुत्साहित गरिनेछ।

६. सडक लगायतका पुर्वाधार निर्माण गर्ने उपभोक्ता समितिहरुलाई सडकको दिगोपना र मर्मत संभारमा जिम्मेवार र जवाफदेही बनाइनेछ।

७. निर्माणमा प्रयोग हुने सामाग्री, निर्माण गर्न लाग्ने समय र त्यसमा संलग्न हुने जनशक्तिको गुणस्तर सुनिश्चित गरी पुर्वाधार निर्माणको समग्र गुणस्तर पक्षमा सुधार गरिनेछ।

८. यस गाउँपालिका भित्रका मुख्य सडकहरु कालो पत्रे तथा पिच गर्नको लागि प्रदेश सरकार र संघीय सरकार समक्ष पहल गरिनेछ।

९. उपभोक्ता समिति बाट काम गराउँदा मेशिनको प्रयोग लाई निरुत्साहित गरिनेछ।

## ३.२ सिंचाई

१. गाउँपालिका भित्र बाह्रै महिना सिंचाई सुविधा उपलब्ध गराउन आवश्यक भौतिक निर्माण गरिनेछ।

२. निर्माण सम्पन्न भइसकेका सिंचाई प्रणालीहरुको मर्मत सुधार एवं दिगो व्यवस्थापनका लागि उपभोक्ताहरुको सहभागिता सुनिश्चित गरिनेछ।

३. पानीको स्रोत नभएका स्थानमा आकाशे पानी संकलन, भण्डारण तथा प्रभावकारी उपयोगको विधि विस्तार गर्दै सीमान्त कृषि भूमि एवं पानीको न्यून स्रोत भएका क्षेत्रमा थोपा सिंचाइ प्रविधि तथा प्लाष्टिक पोखरी कार्यक्रम विस्तार गरिनेछ।

## ३.३ भवन तथा सहरी विकास

१. भुउपयोग नियमावाली, २०७९ अनुसार जग्गाको वर्गिकरण कार्यलाई यसै आर्थिक वर्षबाट सुरु गरि सम्पन्न गरिनेछ।

२. गाउँपालिकाको मुख्य बजार लगायत अन्य संभावित बजारक्षेत्रहरुमा निर्माण गरिने भवनहरुलाई भवन मापदण्ड अनुरुप निर्माण गर्ने गराउने व्यवस्था गर्दै लगिनेछ।

३. गाउँपालिकामा बनेका बाटाको मापदण्ड कायम गरी कार्यान्वयन गर्दै लगिनेछ।

थाम बहादुर राई
अध्यक्ष

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
१ नं. प्रदेश, नेपाल

४. हाम्रो माटो हाम्रो ठाउँ हामी बनाउछौ नमुना गाउँ कार्यक्रम संचालन गरि एक वडा एक नमुना गाउँ निर्माणको थालनि गरिनेछ।

५. बजार क्षेत्रको बस्तीहरुलाई व्यवस्थित बनाउँदै लगिनेछ ।

६. गाउँपालिकामा बनेका र बन्दै गरेका सडकहरुको मापदण्ड कायम गरी कार्यान्वयन गर्दै लगिनेछ।

७. गाउँपालिकामा रहेका बाटोमा परेका जग्गाको लगत कट्टा गर्ने कार्यको थालनी सम्बन्धित कार्यालयको सहकार्यमा गरिनेछ।

८. गाउँपालिका क्षेत्रमा लाग्ने हाट बजारको उचित व्यवस्थापन गरिने छ साथै स्थायी लेखा नं. लिन प्रोत्साहन गरिनेछ।

### ३.४ उर्जा, लघु तथा साना जलबिद्युत

१. सबै वडाहरुमा विद्युतिकरणको कार्य भइरहेको हुनाले आगामी वर्षभित्र केन्द्रिय विद्युत जडान कार्य सम्पन्न गरी सबै नागरिकको बिद्युतमा पहुँच स्थापित गरिनेछ।

२. जलविद्युत उत्पादन हुन सक्ने ठाउँहरुको पहिचान गरी सरकार र जनताको संयुक्त लगानीमा जलबिद्युत उत्पादन गरिने छ।

३. बजार क्षेत्र तथा आवश्यक ठाउँमा पोलबत्ती तथा सोलार बत्ती जडान तथा विस्तारलाई प्राथिकता दिइने छ।

